## संघ,प्रदेश तथा अनुसन्धान क्षेत्रका मत्स्य निकायहरुको प्रमुख,सूचना अधिकारीको नाम र सम्पर्क नम्बर

| क.स. | कार्यालयको नाम | कार्यालय प्रमुखको नामथर | कार्यालय प्रमुखको नम्बर | सूचना अधिकारीको नामथर | सूचना अधिकारीको नम्बर | कार्यालयको फोन नम्बर | ईमेल | अन्तर्गत निकाय |
|---|---|---|---|---|---|---|---|---|
| १ | केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु, काठमाण्डौं। | सरिता गौतम | ९८५१२४५६०६ | सुमित्रा लौडारी | ९८५१२४१६४६ | ०१-४९८५६४६ ४९५०६०९ ४९५०८३३ | dofnep@gmail.com | पशु सेवा विभाग |
| २ | मत्स्य मानव संसाधन विकास तथा प्रविधि परिक्षण केन्द्र, जनकपुरधाम, धनुषा। | रविलाल शर्मा | ९८५४०२५३९६ | सविता झा | ९८५४०२१४५४ | ०४१-५२०३९६ | fdtcjnk@gmail.com | केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु, काठमाण्डौं। |
| ३ | मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, भैरहवा, रुपन्देही। | महेश चन्द गुप्त | ९८५७०२४३१६ | रमेश जैसवाल | ९८५७०१२३१६ | ०७१-४२९३१६ | fdcbhairahawa@yahoo.com | केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु, काठमाण्डौं। |
| ४ | प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एंव संरक्षण केन्द्र, हेटौंडा, मकवानपुर। | सरोज कुमार यादव | ९८५५०७०३१५ | बलराम आचार्य | ९८५५०३१४५२ | ०५६-५२०१७९ ५२०५६७ | fdchetauda@gmail.com | केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु, काठमाण्डौं। |
| ५ | मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी | डा. भूपनारायण मण्डल | ९८५२८२०९३५ | - | - | ०३१-५५००९२ | Fdcfattepur2029@gmail.com | मधेश प्रदेश |
| ६ | मत्स्य विकास केन्द्र, लहान, सिरहा | विकाश साह | ९८४५२८३१११ | महेश यादव | ९८६२८१७७८७ | ०३३-४१५०१० | fdclahan@gmail.com | मधेश प्रदेश |
| ७ | मत्स्य विसका केन्द्र, कुलेखानी, हेटौंडा | मोहन कुमार यादव | ९८५५०७०२३७ | रेशम लाल खत्री | ९७६१७१५५७४ | ०५६-६२०२३७ | rfdckulekhani@gmail.com | बागमती प्रदेश |
| ८ | मत्स्य विकास केन्द्र, भण्डारा, चितवन | माधव दहाल | ९८५५०६२०८५ | डा. गणेश अधिकारी | ९८५५०४७७८० | ०५६-५५००८५ | fdcbhandara@gmail.com | बागमती प्रदेश |
| ९ | मत्स्य विकास केन्द्र, मिर्मी, स्याङ्जा | रविन्सन अधिकारी | ९८५६०५१००६ | तिलक चन्द्र राउत | ९८६५८१८७७१ | ०६३-४०३००६ | fdcmirmi@gmail.com | गण्डकी प्रदेश |
| १० | मत्स्य विकास केन्द्र, शमशेरगंज, बाँके | महेन्द्र प्रसाद यादव | ९८५८०४१०६९ | शालिकराम चौधरी | ९८५८०६१०६९ | ०८१-४०००२७ | fdcsumsergunj@gmail.com | लुम्बिनी प्रदेश |
| ११ | मत्स्य विकास केन्द्र, गेटा, कैलाली | डा. सूर्य बहादुर शाही | ९८४८४९४१६८ | निर्मल खाती | ९८५८४८२०२७ | ०९१-५७५१२० | fdckailali@gmail.com | सुदूरपश्चिम प्रदेश |
| १२ | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी, ललितपुर | आशा रायमाझी | ९८४१६८७५०२ | प्रेम तिमिल्सेना | ९८४२०८६६४८ | ०१-५१७४२६३ | nfrc@narc.gov.np | नेपाल कृषि अनुसन्धान परिषद् |
| १३ | मत्स्य अनुसन्धान केन्द्र, पोखरा, कास्की | डा.मो. इकबाल हुसेन | ९८५६०६१०८९ | सुनिता चन्द | ९७६५९४७४८८ | ०६१-५६००८९ | frcpokhara@gmail.com | नेपाल कृषि अनुसन्धान परिषद् |
| १४ | मत्स्य अनुसन्धान केन्द्र, माछापोखरी, नुवाकोट | ईश्वरी सिंह महतो | ९८५११६०२२६ | गुन बहादुर गुरुङ | ९८६६७०६०२५ | ०१०-५६०२२६ | troutfish.trishuli@gmail.com | नेपाल कृषि अनुसन्धान परिषद् |
| १५ | रेन्बो ट्राउट मत्स्य अनुसन्धान केन्द्र, धुन्चे, रसुवा | महेन्द्र प्रसाद भण्डारी | ९८५७०६०९०८ | - | - | ०१०-५४००२४ | troutfish.rasuwa@gmail.com | नेपाल कृषि अनुसन्धान परिषद् |
| १६ | कृषि अनुसन्धान निर्देशनालय, तरहरा, सुनसरी | अभिलाषा झा (मत्स्य युनिट संयोजक) | ९८६९८१२३७१ | मनिष ठाकुर | ९८४२०८४८५८ | ९८५२०३२६७२ | - | नेपाल कृषि अनुसन्धान परिषद् |
| १७ | कृषि अनुसन्धान निर्देशनालय, परवानीपुर, बारा | शिव नारायण मेहता (मत्स्य युनिट संयोजक) | ९८५२०५९३६५ | डा. आनन्द मिश्र | ९८१३२७९३८३ | ९८५५०१२१६३ | - | नेपाल कृषि अनुसन्धान परिषद् |
| १८ | कृषि अनुसन्धान निर्देशनालय, खजुरा, बाँके | सुदीप कुमार लामिछाने (मत्स्य युनिट कर्मचारी) | ९८४८०२९५९८ | रविन गिरी | ९८४७८२२९६१ | ०८१-६२१२२६ | - | नेपाल कृषि अनुसन्धान परिषद् |


नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
**केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र**
केन्द्रीय मत्स्य भवन, बालाजु, काठमाण्डौं
ईमेलः dofnep@gmail.com वेबसाइटः www.cfpcc.gov.np







केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र


# त्रैमासिक मत्स्य बुलेटिन


सल्लाहकार
डा. सुलोचना श्रेष्ठ
प्रधान सम्पादक
सरिता गौतम
सम्पादक
सुमित्रा लौडारी
सम्पादक मण्डल सदस्यहरु:
विपिन खनाल
यज्ञ प्रसाद गौतम
सुरेश कुमार खड्का
कम्प्युटर सम्पादन
अनिता चौधरी
प्रकाशक:
केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र


### यस अंकमा


- केन्द्र प्रमुखको मन्तव्य
- राष्टिय मत्स्य विकास नीति २०७९ स्वीकृत
- पिट ट्याग सहितका शुद्ध नश्ल भावी माउ माछा वितरण
- पंगासियस माछापालन र प्रजनन् सम्बन्धि ४ दिवे तालिम सम्पन्न
- माछामा Heavy Metal र Formalin परिक्षण
- आ.व. २०७९।८० को वार्षिक प्रगति समिक्षा गोष्ठी सम्पन्न
- मत्स्य बीमा लेख परिमार्जन
- Ranching कार्यक्रम सम्पन्न
- नेपाल मत्स्य समाजको साधारण सभा सम्पन्न
- नेपाल फिसरिज टेक्निसियन एशोसियसनको स्थापना
- मत्स्य विकास कार्यक्रमको संयुक्त अनुगमन
- भारतको ITEC को आर्थिक सहयोगमा तालिम सम्पन्न
- मत्स्य स्वास्थ्य घुम्ती शिविर सम्पन्न
- World Organization for Animal Health (WOAH) Aquatic Animals Focal Point हरुको क्षेत्रीय workshop सम्पन्न
- नेपालको नाका (NACA) मा प्रतिनिधित्व
- मत्स्यसँग सम्बन्धित नीतिगत एवं कानुनी व्यवस्था
- प्राविधिक सेवा प्रदान
- वृक्षारोपण सम्पन्न
- इन्दिरा भुसाल स्मृती पुरस्कार
- कमेट गोल्ड फिसको सफल प्रजनन्
- अनिवार्य अवकाश कर्मचारी


## केन्द्र प्रमुखको मन्तव्य



कुल ग्राहस्थ उत्पादनमा २३.९५ प्रतिशत हिस्सा ओगट्ने र करिब ६२ प्रतिशत जनताको जिविकोपार्जनको मुख्य आधार रहेको कृषिको प्रमुख क्षेत्रहरुमध्ये मत्स्य क्षेत्रले एक गतिशिल र उदयमान क्षेत्रको रुपमा आफ्नो पहिचान बनाएको छ । नेपालको भौगोलिक अवस्थिति र हावापानी अनुसार उपयुक्त मत्स्यपालन प्रविधिको व्यवसायिक रुपमा विकास र विस्तार गरि, मत्स्य बजारीकरणलाई व्यवस्थित गरेर यस क्षेत्रलाई खाद्य तथा पोषण सुरक्षाको दृष्टिले मात्र नभई रोजगारी, पर्यटन, आयात प्रतिस्थापन र विदेशी मुद्रा आर्जनको हिसाबले पनि एउटा महत्वपूर्ण आधारशिलाको रुपमा विकास गर्न सकिन्छ । नेपालमा भएका प्राकृतिक जलाशय जस्तै नदीनाला, ताल, घोलको उपयोग गरेर असला, सहर र कत्ले लगायतका स्थानीय माछा तथा अन्य जलीय जीव र वनस्पतिको उत्पादन, संरक्षण, उपयोग र सम्वर्द्धन मार्फत अति सिमान्तकृत समुदायको लागि खाद्य तथा पोषण सुरक्षा हासिल गर्दै रोजगारीको पर्याप्त अवसर श्रृजना गर्न सकिन्छ । हाल १४,१३७ हेक्टर पोखरी जलाशय तथा घोल केज आदीमा गरेर ८७,३८५ मे.टन तथा विभिन्न प्राकृतिक जलायशबाट २१,००० मे.टन गरि कुल १,०८,३८५ मे.टन माछा उत्पादन तथा वितरण गरि कुल ग्राहस्थ उत्पादनमा ०.४४ प्रतिशत र कृषि क्षेत्रको ग्राहस्थ उत्पादनमा १.८३ प्रतिशत योगदान रहेको छ ।

मत्स्य क्षेत्रलाई थप समुन्नत तथा दिगो बनाउने उद्देश्यले संचालित मत्स्य विकास, मत्स्य अनुसन्धान तथा मत्स्य जनशक्ति उत्पादन कार्यक्रमहरुको यस क्षेत्रको विकासमा विशेष भूमिका रहेको छ । यस क्षेत्रको विकासमा आबद्ध संस्थाहरुको गति विधि, मत्स्य क्षेत्रमा भएका नवीनतम गतिविधि तथा यस क्षेत्रका समस्या तथा चुनौतीहरु समावेश गरेर सबै जानकारीमा ल्याउने उद्देश्यले हामीले मत्स्य बुलेटिन प्रकाशन गर्न लागेका छौं । यो प्रकाशन राष्ट्रिय मत्स्य विकास नीतिको कार्यान्वयनमा सहयोगी हुने अपेक्षा लिएको छु । बुलेटिनको पहिलो अंक तपाईहरु समक्ष पुर्याउन पाउँदा मलाई अत्यन्तै खुशी लागेको छ । पहिलो अंकमा हामीले हालसम्म भएका मत्स्य क्षेत्रका उपलब्धी र सम्बन्धित ऐन तथा नीतिलाई उजागर गर्ने जमर्को गरेका छौं । आगामी दिनमा समेत समग्र मत्स्य विकासमा भएका गतिविधिहरु यहाँहरु समक्ष प्रस्तुत गर्न क्रमिक रुपमा बाँकी अंकहरु प्रकाशन गर्दै जानेछौं ।

अन्त्यमा मत्स्य क्षेत्रको दर्पणको रुपमा प्रकाशित यस मत्स्य बुलेटिन मत्स्य क्षेत्रमा संलग्न सबै सरोकारवाला (किसान, प्रविधिक, नीति निर्माणमा संलग्न व्यक्ति आदि) लाई उपयोगी हुने अपेक्षा लिएको छु । बुलेटिनको प्रस्तुत अंक यो रुपमा ल्याउन मेहनत गर्ने सम्पादक मण्डलका सम्पूर्ण सदस्यहरु र विशेष रुपमा लागि पर्ने सुरेश कुमार खड्का, अनिता चौधरी लगायत सम्पूर्ण कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु ।

सरिता गौतम
प्रमुख
रा.प.प्रथम (प्रा.)

## राष्ट्रिय मत्स्य विकास नीति, २०७९ स्वीकृत

नेपालको संविधानको निर्देशक सिद्धान्त अनुरुप स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने राज्यको उद्देश्य तथा राज्यका अर्थ, उद्योग, बाणिज्य, कृषि र भूमिसुधार, विकास सम्बन्धि नीति तथा प्राकृतिक स्रोत साधनको संरक्षण, सम्बर्द्धन र उपयोग सम्बन्धि नीतिलाई मत्स्य क्षेत्रको विकासमा आत्मसात गर्दै देशको अर्थतन्त्रलाई सुदृढ गर्न तथा मत्स्य क्षेत्रलाई प्रतिस्पर्धी र नाफामूलक बनाउन र समृद्ध नेपाल, सुखी नेपालीको परिकल्पनालाई साकार पार्न नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७९।०५।२७ को निर्णय बमोजिम राष्ट्रिय मत्स्य विकास नीति, २०७९ स्वीकृत भएको छ ।

## पिट ट्याग सहितका शुद्ध नश्लका भावी माउ माछा वितरण

मत्स्य क्षेत्रको दिगो उत्पादन, उत्पादकत्व बढाउने तथा माछा (मत्स्य)को जातीय शुद्धता कायम राख्ने उद्देश्यका लागि केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु अन्तर्गत रहेको कार्यालय मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, भैरहवाबाट गत आ.व. २०७९।८० मा पिट ट्याग सहितका ४ जातका २२९७ गोटा भावी माउ माछा वितरण भएका छन् । कमन कार्प ७५७ गोटा, ग्रास कार्प ५२० गोटा, सिल्भर कार्प ५१० गोटा र बिगहेड कार्प ५१० गोटा गरी कूल २२९७ गोटा भावी माउ माछा मध्ये सरकारी मत्स्य फार्म केन्द्रमा ९२७ र निजी क्षेत्रका मत्स्य ह्याचारी नर्सरीमा १३७० गोटा भावी माउ माछा वितरण भएका छन् । निजी क्षेत्र मध्ये १३२० गोटा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, कोशी प्रदेशको अनुदान तथा प्राविधिक सहयोगमा विभिन्न ह्याचारी तथा नर्सरीहरुलाई वितरण गरिएको हो ।



वितरणको विवरण:

| क.सं. | कृषकको नाम थर | जिल्ला | ट्याग सहित फ्युचर ब्रुड संख्या | | | | जम्मा संख्या | सम्बन्धित प्रदेश |
|---|---|---|---|---|---|---|---|---|
| | | | कमन कार्प | ग्रास कार्प | सिल्भर कार्प | बिगहेड कार्प | | |
| १ | कैलाश भिजन माछा फार्म | खोटाङ्ग | १०० | | | | १०० | कोशी |
| २ | मकैबारी बहुउद्देश्यीय कृषि फर्म | झापा | १०० | १०० | १०० | १०० | ४०० | कोशी |
| ३ | हेभन वाटर पार्क | झापा | १०० | १०० | ७० | ७० | ३४० | कोशी |
| ४ | दिव्याणी कृषि फार्म प्रा.लि. | मोरङ्ग | ८० | ८० | ८० | ८० | ३२० | कोशी |
| ५ | विनय कृषि तथा माछा फार्म | मोरङ्ग | ३० | ३० | ५० | ५० | १६० | कोशी |
| ६ | मत्स्य विकास केन्द्र, भण्डारा | चितवन | ६० | ६० | ६० | ६० | २४० | वागमती |
| ७ | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी | ललितपुर | ८७ | - | - | - | ८७ | वागमती |
| ८ | गणेश मत्स्य ह्याचरी | कपिलवस्तु | ५० | - | - | - | ५० | लुम्बिनी |
| ९ | मत्स्य विकास केन्द्र, गेटा | कैलाली | १५० | १५० | १५० | १५० | ६०० | सुदुरपश्चिम |
| | जम्मा | | ७५७ | ५२० | ५१० | ५१० | २२९७ | |





## पंगासियस माछापालन र प्रजनन् सम्बन्धि ४ दिने तालिम सम्पन्न



नेपालको सन्दर्भमा वर्तमान अवस्थामा माछा पालनमा कार्प जातका माछाको मात्र सफल प्रजनन्, विस्तार र विकास भएता पनि विगतका केही वर्ष देखि नै पंगासियस माछाको बजारमा उच्च माग तथा केही अगुवा कृषकले पंगासियस पालन गर्दै आउनु भएको छ । पंगासियस माछा पालन र प्रजनन सम्बन्धि आवश्यक प्राविधिक ज्ञान, व्यवहारिक ज्ञानको कमीले गर्दा यो माछाको अपेक्षित रुपमा क्षेत्र विस्तार हुन सकेको छैन । यसलाई विस्तार गर्ने उद्देश्यले CRS, Nepal को समन्वय तथा सहयोग र मत्स्य विकास केन्द्र भण्डारा, चितवनको सहकार्यमा पंगासियस माछा पालन र प्रजनन् सम्बन्धि ४ दिने तालिम युनिभर्सिटी अफ जर्जियाका प्राध्यापक डा. अमृत बार्टको प्रशिक्षणमा मत्स्य विकास केन्द्र भण्डाराका प्राविधिक, मत्स्य व्यवसायी, मत्स्य उद्यमी, माछा पालक किसान तथा कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुर चितवनका प्राध्यापक र विद्यार्थीहरुको उपस्थितिमा कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र, भण्डारा, चितवनमा सफलतापूर्वकसुसम्पन्न गरिएको थियो । तालिममा ३६ जना (८ जना कार्यालयका कर्मचारी, ८ जना कृषक, उद्यमी तथा व्यवसायी, २ जना प्राध्यापक, १७ जना विद्यार्थी र १ जना CRS, Nepal)को उपस्थिति रहेको थियो ।

## माछामा Heavy Metal र Formalin परिक्षण



केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुले भारतबाट आयातित रहु, पंगासियस, भियतनामबाट आयातित पंगासियसको फेलेट र मत्स्य विकास केन्द्र, कुलेखानीले कुलेखानी रिजरभ्वरमा रहेको सिल्भर माछाको नमूना प्रयोगशालामा परिक्षण गर्दा कुनै पनि नमूनामा Heavy Metal र Formalin नरहेको पुष्टि भयो ।

## आ.व. २०७९।८० को वार्षिक प्रगति समिक्षा गोष्ठी सम्पन्न



आ.व. २०७९।८० को मत्स्य विकास कार्यक्रमको वार्षिक प्रगति समिक्षा गोष्ठी केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजु तथा मातहतका ३ वटा कार्यालय, पशुसेवा विभाग र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रतिनिधिको उपस्थितिमा २०८०।०४।१४ गते केन्द्रीय मत्स्य भवनको हलमा सम्पन्न भयो । केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र लगायत मातहतका कार्यालयले आ.व. २०७९।८० को वार्षिक अवधिमा स्वीकृत कार्यक्रमहरुको प्रगति प्रस्तुत गर्नुभयो । कार्यक्रम केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुको प्रमुखको अध्यक्षतामा सुसम्पन्न भएको हो ।

## मत्स्य बीमा लेख परिमार्जन

मिति २०८०।०४।०१ देखि लागु हुने गरि नेपाल बीमा प्राधिकरणद्वारा माछापालनमा हुने क्षति विरुद्ध बीमा गर्नका लागि हाल रहेको माछा बीमा लेखलाई परिमार्जन गरिएको छ । हालसम्म पालनमा रहेको तर माछा बीमा लेखमा नसमेटिएको पंगास माछापालन तथा छडी माछापालनको समेत बीमा हुने गरि सो परिमार्जित माछा बीमा लेख स्वीकृत गरिएको छ ।

# Ranching कार्यक्रम सम्पन्न

प्राकृतिक जलाशयमा जलीय जैविक विविधता संरक्षण तथा त्यसमा आश्रित समुदायको जीवनस्तर उकास्नको निमित्त स्थानीय जातका माछाका भुरा छोड्ने (Ranching) कार्यक्रम प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन एवं संरक्षण केन्द्र, हेटौंडाद्धारा आ.व.२०७९।८० मा प्राकृतिक जलाशयमा स्थानीय जातका माछा भुरा छोड्ने कार्यक्रम कोशी नदी, बागमाती नदी, नारायणी नदी र इन्द्रसरोवर तालमा गरी ४ स्थानका स्थानीय समुदाय तथा सरोकारवाला निकायहरुको उपस्थितिमा करिब चार लाखको संख्यामा करिब ३ देखि ५ इन्च साइजको माछा भुरा छोडेर र जलाशयको जैविक विविधता महत्व सम्बन्धि होर्डिगं बोर्ड समेत राखी कार्यक्रम सम्पन्न भयो ।

## माछा भुरा छोडिएको विवरण



१. स्थानः बागमती गाउँपालिका, भुरभुरे, मकवानपुर ।
एक लाख गोटा फिगंरलिगं साइजका रहु र नैनी जातका मिश्रित माछा भुरा ।

२. स्थानः कुलेखानी रिजर्भोयर, मकवानपुर ।
सहत्तरी हजार गोटा फिगंरलिगं साइजको कमन कार्प र सत्ताइस हजार गोटा एडभान्स फिगंरलिगं रहु र नैनी जातका मिश्रित भुरा ।

३. स्थानः कोशी नदी, सप्तरी ।
पचहत्तर हजार गोटा फिगंरलिंग साइजको रहु तथा नैनी मिश्रित भुरा ।

४. स्थानः भरतपुर महानगरपालिका, नारायणी नदी, चितवन ।
पचहत्तर हजार गोटा फिगंरलिंग साइजको रहु तथा नैनी मिश्रित भुरा ।

## नेपाल मत्स्य समाज (NEFIS)को साधारण सभा सम्पन्न

मिति २०८०।०६।१२ गते केन्द्रीय मत्स्य भवनको सभा हलमा सम्पन्न नेपाल मत्स्य समाजको साधारण सभाले प्रा.डा. सुमिला राईको अध्यक्षतामा ११ सदस्यीय कार्य समिति निर्वाचित भएको छ ।




## नेपाल फिसरिज टेक्निसियन एशोसियसन (NEFTA)को स्थापना

मिति २०७९।११।१९ र २० गते मत्स्य प्राविधिकहरुको रुपन्देहीमा सम्पन्न प्रथम राष्ट्रिय भेलाबाट रमेश जैशवालको अध्यक्षतामा नेपाल फिसरिज टेक्निसियन एशोसियसनको १३ तदर्थ सदस्यीय कार्य समिति निर्वाचित भयो ।

| | |
|---|---|
| अध्यक्ष | रमेश जैशवाल |
| उपाध्यक्ष | सुभाष कुमार झा |
| महासचिव | शोभाकर पाण्डे |
| सचिव | सुरेश कुमार खड्का |
| कोषाध्यक्ष | तुल्सी जिरेल |
| सदस्य | सुन्दरी कार्की |
| सदस्य | गोमा कुँवर |
| सदस्य | सुनिता चन्द |
| सदस्य | लाक्पा रिदर भोटे सैंचा |
| सदस्य | प्रेम बहादुर शाही |
| सदस्य | गणेश बहादुर थापा |
| सदस्य | महेश दत्त भट्ट |
| सदस्य | विरेन्द्र कुमार यादव |








## मत्स्य विकास कार्यक्रमको संयुक्त अनुगमन

केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्रको प्रमुख र मातहतका तीन वटै कार्यालयको प्रमुख, PMAMP धनुषा इकाईको प्रतिनिधि तथा अन्य कर्मचारी सहित धनुषाको क्षिरेश्वर नगरपालिका, लक्ष्मीनिया गाउँपालिका, बटेश्वर गाउँपालिका तथा धनुषाधाम नगरपालिका क्षेत्रमा रहेको मत्स्य ह्याचरी, नर्सरी तथा मत्स्य विकास कार्यक्रमको संयुक्त निरिक्षण तथा अनुगमन सम्पन्न भयो । त्यस क्रममा देखिएका नीतिगत र प्राविधिक समस्या तथा गुनासाहरुलाई समाधान सम्बोधन गर्न आवश्यक पहलकदम थालिएको छ ।



## भारतको ITEC को आर्थिक सहयोगमा तालिम सम्पन्न

Indial Technical and Economic Coorporation (ITEC) को आर्थिक सहयोगमा ICAR- Central Institute of Fisheries Technology (ICAR-CIFT) कोचिन, भारतले १७ देखि २९ सप्टेम्बर २०२३ सम्म संचालन गरेको "QUALITY ASSURANCE OF FISH AND FISHERY PRODUCTS" तालिममा नेपालबाट तीन जना सहभागी हुनु भएको थियो । तालिममा वरिष्ठ मत्स्य विकास अधिकृत श्री सुमित्रा लौडारी, मत्स्य विकास अधिकृत श्री लक्ष्मी कार्की, मत्स्य विकास अधिकृत श्री यज्ञ प्रसाद गौतमको सहभागिता रहेको थियो । उक्त तालिममा मोरोक्को, इरिट्रिया, तान्जानिया, जिम्बाब्वे, नेपाल लगायत ६ देशका सहभागी रहेका थिए ।




तालिममा Hygienic Handling of Fish, Value Addition in Fish and Fishery Products, Quality Issues in Live/Fresh /Chilled/Frozen Fish and Fishery Products, Quality Issue in Fermented Fishery Products, Traceability in Seafood, Quality Issues in Fishery Byproducts, Packaging & Labelling Requirements of Fish Products as per Inernational Regulations जस्ता विषयहरु समावेश गरिएको थियो । उक्त तालिममा नेपालमा माछाको अवस्था, अपनाइएका प्रविधिहरु एवं समस्या चुनौतीहरु तथा नेपाल र भारतबिच मत्स्य क्षेत्रमा गर्न सकिने समन्वयका कार्यक्रमहरु नेपालको तर्फबाट अधिकृतज्यूहरुले प्रस्तुत गर्नु भएको थियो । यस प्रकारका तालिमले मत्स्य प्राविधिकहरुको क्षमता विकास हुनुको साथै हाम्रो देशको लागि मत्स्य क्षेत्रमा तहाँ अवलम्बन गरिएका प्रविधिहरु अनुकूलको लागि सहजता हुनेछ ।

## मत्स्य स्वास्थ्य घुम्ती शिविर सम्पन्न

उत्पादन तथा उत्पादकत्व बढाउने उद्देश्य सहितको व्यवसायिक माछापालन र माछापालनमा देखा परेका मत्स्य पोषण, पानीको गुणस्तर, मत्स्य स्वास्थ्य, गुणस्तरीय उन्नत नश्लका मत्स्य विज, भौतिक पूर्वाधार आदी समस्याहरुको स्थलगत रुपमा संकलन, पहिचान र निदान गरी आवश्यक सेवा प्रदान गर्ने, कृषकहरुलाई प्राविधिक जानकारी प्रदान गर्ने उद्देश्यका साथ आ.व. २०७९।८० मा केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुबाट कैलाली र सिरहा जिल्लामा क्रमश २४ मत्स्य कृषकका ५१ माछापोखरी, १०१ जना मत्स्य कृषकको १७४ वटा माछापोखरीमा मत्स्य स्वास्थ्य घुम्ती शिविर सम्पन्न भयो ।



# World Organization for Animal Health (WOAH) Aquatic Animals Focal Point हरुको क्षेत्रीय workshop सम्पन्न




जुन २६ देखि २८ गतेसम्म WOAH / National Institute of fisheries science (WOAH Reference Laboratory for viral Haemorrhagic septicaemia) को संयुक्त आयोजनामा दक्षिण कोरियाको बुसानमा ३ दिने क्षेत्रीय वर्कसप सम्पन्न भएको थियो ।त्यसमा करिब २० वटा देशबाट Aquatic Animal का फोकल प्वाइन्ट लगायत प्रतिनिधिहरु सहभागी भएका थिए । यस क्षेत्रीय वर्कसपको प्रमुख उद्देश्य फोकल प्वाइन्टहरु लाई आफ्नो देशमा माछा लगायत crustaceans, Molluscs हरुमा देखा परेका रोगहरु WAHIS (World Animal Health Information System) मार्फत WOAH मा रिपोटिगं गर्नका लागि समस्याहरु पहिचान गरि सहज रुपमा प्राविधिक ज्ञान प्रदान गर्नु थियो । उक्त वर्कसपमा WOAH Aquatic code and  manuals updates, Aquatic Animal Disease Situation in the reason, preparedness and response for emerging disease लगायतका विषयहरुमा छलफल भएको थियो । उक्त वर्कसपमा नेपालबाट WOAH Focal Point for Aquatic Animal Health, श्री सुमित्रा लौडारीले भाग लिनु भएको थियो ।

## नेपालको नाका (NACA) मा प्रतिनिधित्व

Network of Aquaculture Centres in Asia-Pacific (NACA) 32nd Governing Council Meeting was held on 7 - 9 August 2023, Chiang Mai, Thailand. Ms Sarita Gautam, Governing council member of NACA from Nepal attended the program. Participant were from 17 different countries consisting Governing council member, expertfrom Regional lead Centre,FAO and NACA secretariat.The Governing Council unanimously agreed to approve the membership application of theKingdom of Saudi Arabia and to set the membership fee at the rate of Group I at US$60,000 per year.



## मत्स्यसँग सम्बन्धित नीतिगत एवं कानुनी व्यवस्था

नीति

१. राष्ट्रिय मत्स्य विकास नीति, २०७९

ऐन

१. जलचर संरक्षण ऐन, २०१७

२. पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५

३. दाना ऐन, २०३३

४. पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९

नियमावली

१. पशु स्वास्थ्य तथा पशु सेवा नियमावली, २०५६

२. जलचर (ठेक) नियम, २०१९

मापदण्ड

१. माछा भुरा बारे मापदण्ड, २०६१

आदेश

१. जलचर संरक्षण आदेश, २०५९

## प्राविधिक सेवा प्रदान

आ.व. २०७९।८० मा केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुद्वारा विभिन्न जिल्लाका मत्स्यपालक कृषक तथा मत्स्यपालन गर्न खोज्ने करिब ४०० जना कृषकलाई प्राविधिक सेवा प्रदान गरियो । वितरण गरिएको सेवा र सेवाग्राहीको माग र संख्याको विवरण निम्नअनुसार रहेको थियो ।

| सेवाग्राहीको माग | सङ्ख्या |
|---|---|
| कार्प माछापालन बारे जानकारी | २०४ जना |
| रेन्बो ट्राउट पालन सम्वन्धि जानकारी | ३५ जना |
| रंगिन माछापालन सम्वन्धि जानकारी | २७ जना |
| घोङ्गी, सि.पी. उत्पादन तथा पालन सम्वन्धि जानकारी | ४ जना |
| बायोफ्लक माछापालन प्रविधि सम्वन्धि जानकारी | १२ जना |
| माछा रोग तथा उपचारबारे जानकारी | १६ जना |
| माछापालनको संम्भाव्यता सम्वन्धि जानकारी | ५ जना |
| माछापालन सम्वन्धि प्रकाशनहरू वितरण | १०५ |





## वृक्षारोपण सम्पन्न



२०औं निजामती सेवा दिवसको अवसर पारेर २०८०।०५।२२ गते केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुको परिसरमा केरा, कागती, मुन्तला, एभोकाडो, तिनपाते लगायतका १०० भन्दा बढी विरुवा रोपण गरी सम्पन्न भयो । यसले एकीकृत मत्स्यपालन प्रविधिको विकास, विस्तारमा टेवा पुग्नुका साथै वातावरण संरक्षणमा सकारात्मक भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

## इन्दिरा भुसाल स्मृती पुरस्कार




मत्स्य क्षेत्रमा विशेष योगदान पुर्याउने विभिन्न सफल कृषकहरु मध्येबाट हरेक वर्ष १ जना कृषकलाई इन्दिरा भुसाल स्मृती पुरस्कार नेपाल मत्स्य समाजले वितरण गर्दै आएको छ । यस वर्ष घोलतालमा माछा पाल्ने कैलालीका सफल मत्स्य कृषक कृष्ण गिरीलाई दिइयो । यस पुरस्कारको राशी ४१ हजार रुपैंया रहेको छ । यो पुरस्कार मत्स्य समाजले आफ्नो बार्षिक साधारण सभाको उपलक्ष्य वितरण गर्दै आएको छ ।

## कमेट गोल्ड फिसको सफल प्रजनन्



केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुमा आ.व. २०७९।८० मा कमेट गोल्ड फिसको प्रजनन् सफल भई करिब ४० हजार गोल्ड फिसको भुरा सौन्दर्यकरण प्रयोजनार्थको लागि काठमाण्डौं उपत्यका लगायत २० भन्दा बढी जिल्लामा मत्स्य सौन्दर्य प्रेमीलाई विक्री वितरण भएको छ । यसको मूल्य प्रति गोटा रु. १५ देखि ४० सम्म विभिन्न साईज अनुसार रहेको छ ।

## अनिवार्य अवकाश भएका कर्मचारीहरु

### १. नवराज आचार्य



नायव प्राविधिक सहायक पदबाट २०५०।०८।२२ गतेदेखि सेवा सुरु गर्नु भएको उहाँले २०८०।०२।२९ गतेबाट उमेर हदले मत्स्य विकास अधिकृत पदबाट अनिवार्य अवकाश हुनु भयो । अवकाश हुनु पूर्व उहाँ केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुमा कार्यरत हुनु हुन्थ्यो ।

### २. हर्का चौधरी



कार्यालय सहयोगी (प्रथम स्तर) पदबाट २०४४।११।२४ गतेदेखि स्थायी सेवा सुरु गर्नु भएको उहाँले २०८०।०४।०९ गतेबाट कार्यालय सहयोगी (पाँचौ स्तर) पदबाट उमेर हदले अनिवार्य अवकाश पाउनु भयो । अवकाश हुनु पूर्व उहाँ केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र बालाजुमा कार्यरत हुनु हुन्थ्यो ।

### ३. खुशीलाल कहार



कार्यालय सहयोगी (प्रथम स्तर) पदबाट २०५४।०४।१३ गतेदेखि स्थायी सेवा सुरु गर्नु भएको उहाँले २०८०।०६।११ गतेबाट कार्यालय सहयोगी (पाँचौ स्तर) पदबाट उमेर हदले अनिवार्य अवकाश पाउनु भयो । अवकाश हुनु पूर्व उहाँ मत्स्य शुद्ध नश्ल संरक्षण तथा प्रवर्द्धन श्रोत केन्द्र, भैरहवामा कार्यरत हुनु हुन्थ्यो ।